# जोगी जातीको बालबालिकाहरुको शैक्षिक अवस्था

शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण
विषयको आंशिक आवश्यकता पुरा गर्नको लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ता
धनबहादुर जोगी
परिक्षा रोल नं : २८००२६/२०६६
त्रि.वि. दर्ता नं : ५-१-९-३२-२०००

त्रिभूवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रिय विभाग
कीर्तिपुर, काठमाडौं
२०६८

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विभागका छात्र धनबहादुर जोगीले शोध कार्यको लागि प्रस्तुत **"जोगी जातीको बालबालिकाहरुको शैक्षिक अवस्था"** शीर्षकको प्रस्तुत अध्ययन शोध प्रस्तावना सम्बन्धित प्रयोजनका लागि उपयुक्त भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोध निर्देशक

उप-प्रा. विश्ववाला थापा

मिती : २०६८/०४/०९/०२

## स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय कीर्तिपुर, काठमाडौं पाठयक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितिय वर्षका लागि शिक्षा विषयको पाठयक्रम अनुरुप शिक्षा शोध पाठ्याशंका निमित्त छात्र धनबहादुर जोगीले **"जोगी जातीको बालबालिकाहरुको शैक्षिक अवस्था"** शीर्षकमा तयार गर्नुभएको शोध प्रस्तावना स्वीकृतीको लागि प्रस्तुत गर्नुभएकोले यो शोध प्रस्तावना मूल्याङ्कन समितीबाट स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
| --- | --- |
| १. सह-प्रा. नारायण बस्नेत<br>(विभागीय प्रमुख) | .................................. |
| २. विश्ववाला थापा<br>(शोध निर्देशक) | ................................ |
| ३.उप-प्रा. किरणराम रञ्जितकार<br>(बाह्य सुपरिवेक्षक) | .................................... |

मिती : २०६८/०४/१५/०१

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग पाठ्यक्रम तथा मूल्याङ्कन मुल विषय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शोधकार्यको आंशिक आवश्यकता पुरा गर्न "जोगी जातीको बालबालिकाहरुको शैक्षिक अवस्था " शीर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

यस शोध प्रस्तावना तयार पार्ने क्रममा आफनो अमुल्य सुझाव सल्लाह प्रदान गरी सहयोग गर्नुहुने यस पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय पूर्व प्रमुख प्रा.डा. तिर्थराज पराजुली र हालको विभागिय प्रमुख नारायाण बस्नेत ज्यु लाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । यसै क्रममा मेरो यस प्रस्तावना लेखनकार्यमा आफनो अमुल्य समयमा सहयोग गरीदिनु हुने यस सोधकार्यका शोध निर्देशक आदरणिय गुरुआमा उप-प्राध्यापक विश्ववाला थापा ज्यु प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहान्छु । साथै यस प्रतिवेदन तयार पार्ने कार्यमा आन्तरिक र बाह्य दुवै रुपमा सहयोग सल्लाह सुझाव हौसला र प्रेरणा प्रदान गरीदिनु हुने आदरणिय गुरु उप-प्राध्यापक किरणराम रञ्जितकार ज्यु साथै आदरणीय गुरुहरु शिवराज वढु र यसोधरा पन्त ज्यु लाई पनि हार्दिक कृतज्ञता दिन चाहान्छु । साथै आर्थिक तथा विभिन्न तवरबाट सहयोग गरिदिनु हुने मेरा पुजनिय आमा छलीमायाँ जोगी र दाजु दिदिहरुप्रती पनि आभार प्रकट गर्दछु । संगसंगै यस अध्ययनकार्यको लागि सहयोग गरिदने तेह्रथुम जिल्लाका जि.शि.अ. श्री दिर्घध्वज चापागाँई, ओयाक्जुङ्ग गा.वि.स.का कार्यालय सहयोगी श्री बुद्धिमान लिम्बु, तीनै वटा विद्यालयहरु (श्री सिद्धकाली उ.मा.वि.मेहेले, श्री जनता प्रा.वि.आहाले र श्री पाथीभरा प्रा.वि.रातमाटे) का प्र.अ.ज्यूहरु तथा अन्य शिक्षक वर्गहरु, उक्त विद्यालयका विद्यार्थीहरु र अभिभावकहरुलाई समेत हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । साथै प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउने बहिनी प्रतीमा जोगी र सहयोगी मित्र उमेश गिरी लाई पनि हार्दिक धन्यवाद दिन चाहान्छु । साथै यो शोधपत्र प्रिन्ट गरि सहयोग पुऱ्याउनु हुने रमेश महर्जन ज्यु लाई पनि धन्यवाद दिन चाहान्छु ।

धनबहादुर जोगी (योगी)
ओयाक्जुङ्ग - ७, तेह्रथुम

# शोधसार

शिक्षा बालकको नैसर्गीक अधिकार भित्र पर्दछ । जन्म पश्चात बालबालिकालाई हुर्काउने, बढाउने देखि लिएर शिक्षा दिक्षा दिलाउने काम अभिभावकको हुन्छ । यस अध्ययनमा जोगी बालबालिकाहरुको आर्थीक सामाजिक अवस्था पत्ता लगाउन, माध्यमिक तहसम्मको शैक्षिक सहभागीता, शैक्षिक स्तर तथा कक्षा छाड्ने र दोहोर्‍याउने दर पत्ता लगाउन "जोगी जातीको बालबालिकाहरुको शैक्षिक अवस्था" शिर्षकमा अध्ययन अनुसन्धान गरिएको छ । यो अध्ययन तेह्रथुम जिल्ला ओयाक्जुङ्ग गा.वि.स. वडा नं. ७, ८ र ९ मा रहेका तीन वटा विद्यालयहरुमा गरिएको छ । साथै सम्भावनायुक्त र सम्भावनारहित नमूना छनोट विधिबाट उक्त विद्यालयहरुका तीन जना प्र.अ., ६ जना शिक्षकहरु, १२ जना विद्यार्थीहरु र ३० वटा घरपरिवारलाई नमूनाको लागी छनोट गरिएको छ । यस अध्ययनमा सूचना संकलन गर्न घरधुरी सर्वेक्षण फारम, कक्षा अवलोकन फारम, लक्षित समूह छलफल निर्देशिका, प्र.अ.को निमित्त अन्तरवार्ता फारम र शिक्षकको निमित्त अन्तरवार्ता निर्देशिकाहरुलाई साधनको रुपमा प्रयोग गरिएको छ ।

यस अध्ययनको निमित्त छनोटमा परेका अभिभावकहरुले पेशाको रुपमा कृषि, ज्याला मजदुरी, व्यापार तथा पशुपालन गर्ने गरेको पाईयो । जस अन्तर्गत सबैभन्दा बढि ३३.३३ प्रतिसत घरपरिवारले ज्याला मजदुरीबाट दैनिक गुजारा चलाई राखेको पाईयो । आर्थीक सामाजिक रुपले पिछडिएको, धेरै परिवारले खसी र बोका घरेलु चौपायाहरु पाल्ने गरेको, धेरै परिवारको आफ्नो स्वामित्वमा जग्गा जमिन सामान्यभन्दा कम रहेको, धेरैजसो परिवारमा स्वउत्पादित अन्नले चार महिना मात्र खान पुग्ने गरेको तथा बार्षिक आम्दामी ५,००० भन्दा कम हुने घरपरिवार ४० प्रतिसत पाईएको छ । त्यसैगरि शैक्षिक दृष्टिले विश्लेषण गर्दा ओयाक्जुङ्ग गा.वि.स.मा रहेका कुल २५५ जोगी घरपरिवारमध्ये नमूनामा परेका ३० घरपरिवारमा कुल २५० जनसंख्या रहेकोमा १२५ जना मात्र साक्षर पाईएको थियो । अर्थात ५० प्रतिसत मात्र साक्षर रहेको पाईएको थियो । जस अन्तर्गत महिला ५६ प्रतिसत र पूरुष ४४ प्रतिसत साक्षर रहेको पाईएको थियो ।

ओयाक्जुङ्ग गा.वि.स.मा कुल प्रा.वि.तह उमेर समूह (६-१० बर्ष) र मा.वि. तह उमेर समूह (१३-१४बर्ष) का क्रमश २७७ र १६५ जना बालबालिकाहरु रहेकोमा शै.स. २०६७ मा प्रा.वि. र मा.वि. तहमा जोगी बालबालिकाहरुको भर्नादर क्रमश ७६.५ प्रतिसत र ३६.९ प्रतिसत मात्र पाईएको थियो । जोगी बालबालिकाहरुको दुबै तहमा औषत उत्तिर्ण दर ९०.१ प्रतिसत र अनुत्तिर्ण दर ९.९ प्रतिसत पाईएको छ भने केहि जोगी बालबालिकाहरु ठुलो उमेरमा मात्र विद्यालय भर्ना भएकाले सहजै देखिने भर्नादर भन्दा खुद भर्नादर प्रा.वि. तहमा ११.२ प्रतिसत र मा.वि. तहमा १२.१६ प्रतिसतले कम पाईएको छ । प्रा.वि. तहमा शै.स. २०६३ देखि शै.स. २०६७ सम्मको शैक्षिक तथ्याङ्कहरुलाई विश्लेषण गर्दा कक्षा प्रा.वि.तहमा कक्षा १ देखि कक्षा ५ तिर कक्षा दोहोर्‍याउने दर र अनुत्तिर्ण दर घट्दै गएको र उत्तिर्ण दर बढ्दै गएको, प्रत्येक कक्षामा छात्रा बढी अनुत्तिर्ण हुने गरेको र प्रत्येक शै.स.मा उत्तिर्ण र अनुत्तिर्ण दरमा घटबढ

भैरहेको पाईएको छ । त्यसैगरि प्रा.वि. तहमा गैर जोगीको तुलनामा बढी जोगी बालबालिकाहरुले कक्षा छाडने् तथा दोहोर्‍याउने गरेको पाइएको छ । कक्षा छाड्ने सम्बन्धमा छात्राको तुलनामा बढी छात्रहरुले प्रा.वि. तहमा कक्षा छाड्ने गरेका भएता पनि कक्षा दोहोर्‍याउनेमा भने छात्राहरु नै बढि देखिएका छन् । विगतका शै.स.मा भन्दा कक्षा पछडि आएर विचैमा कक्षा छाड्ने दरमा पनि कमि हुँदै आएको पाईएको छ । त्यसैगरि प्रा.वि. तहमा रहेको पाँच शै.स.को कुल ७५ वटा उच्च स्थानहरुमध्ये ६१.३३ प्रतिसत जोगी र ३८.६७ प्रतिसत गैर जोगी बालबालिकाहरुले ओगट्न सफल भएका थिए भने लिङ्गगत रुपमा छात्राहरुले बढि उच्च स्थान ओगट्न सफल भएको पाईएको छ । त्यसैगरि शै.स. २०६३ मा कक्षा १ मा भर्ना भएका जोगी छात्र २० र छात्रा ३५ जनामध्ये शै.स. २०६७ मा १३ छात्र र २१ छात्रा कक्षा ५ मा भर्ना भएको र शै.स. २०६७ को कक्षा ५ को अन्तिम परिक्षामा १२ छात्र र १८ जोगी छात्राहरुले प्रा.वि. तह उत्तिर्ण गरेको पाईएको छ ।

शै.स. २०६५ देखि हालसम्मको मा.वि. तहमा जोगी बालबालिकाहरुको शैक्षिक तथ्याङ्कलाई विश्लेषण गर्दा प्रत्येक शै.स.मा छात्राहरुभन्दा बढी छात्राहरुले कक्षा उत्तिर्ण गर्ने गरेको, कक्षा ९ मा भन्दा कक्षा १० मा बढि उत्तिर्ण हुने गरेको पाईएको छ । त्यसैगरि विगत तीन शै.स. कुल जोगी बाललिकाहरुको अनुत्तिर्ण संख्यामध्ये ५५.५ प्रतिसत जोगी छात्रा र ४४.५ प्रतिसत जोगी छात्रहरु मा.वि. तहमा अनुत्तिर्ण भएको पाईएको छ । यसरी हेर्दा छात्रको तुलनामा बढि जोगी छात्राहरु कक्षामा अनुत्तिर्ण हुने गरेको पाईएको छ साथै शै.स. २०६५ देखि हालसम्म जोगी बालबालिकाहरुको कक्षा उत्तिर्ण र अनुत्तिर्ण दरमा घटबढ भैरेको पाईएको छ । त्यसैगरि विचैमा कक्षा छाड्ने र दोहोर्‍याउने सम्बन्धमा छात्रहरुको तुलनामा छात्राहरुल बढि हुने गरेको, गैर जोगीको तुलनामा जोगी बालबालिकाहरुले बढि कक्षा छाड्ने तथा दोहोर्‍याउने गरेको, कक्षा १० मा भन्दा कक्षा ९ मा बढि जोगी बालबालिकाहरुले कक्षा छाड्ने गरेको पाईएको छ । तर कक्षा दोहोर्‍याउने दर भने कक्षा ९ र १० मा बराबर नै देखिएको छ । शै.स. २०६५ देखि शै.स. २०६७ सम्ममा भर्ना भएका कुल १८२ जना मा.वि. तहका विद्यार्थीहरुमध्ये १८ जनाले कक्षा दोहोर्‍याएकोमा ५५.५ प्रतिसत जोगी  र ४४.५ प्रतिसत गैर जोगी बालबालिकाहरु रहेका थिए । त्यसैगरि शै.स. २०६५ देखि हालसम्म मा.वि. तहमा कुल भर्ना भएका विद्यार्थीहरुमध्ये १२ प्रतिसत विद्यार्थीहरुले कक्षा छाडेकोमा ६३.६३ प्रतिसत जोगी र ३६.३७ प्रतिसत गैर जोगी बालबालिकाहरु रहेका थिए । मा.वि. तहमा उच्च स्थान ओगट्ने सम्बन्धमा तीन शै.स.को कुल १८ वटा उच्च स्थानहरुमध्ये २७.७८ प्रतिसत स्थान जोगी र ७२.२२ प्रतिसत स्थान गैर जोगी बालबालिकाहरुले ओगट्न सफल भएको पाइएको छ । त्यसैगरि उच्च स्थान ओगट्ने क्रममा जोगी तथा गैर जोगी दुबै किसिमका विद्यार्थीहरुमध्ये छात्रहरु नै अगाडी रहेको पाईएको छ ।

जोगी समुदायका बालबालिकाहरुको प्राथमिक र माध्यामिक तहमा शैक्षिक स्थिति कमजोर हुनुमा उनिहरुको आर्थिक अवस्था कमजोर हुनु, पढाई प्रति रुची कम हुनु, घरको काममा सहयोग गर्नु पर्ने, घरायसी शैक्षिक वातावरण नमिल्नु अभिभावकले पढाईमा सहयोग नगर्नु, गोठालो जानु पर्ने, अभिभावकहरुबाट बच्चाप्रति नकारात्मक धारणा, शिक्षाप्रति असमान व्यवहार, अभिभावकको

जनचेतनाको अभाव, विद्यालयमा नियमित पढाई नहुनु आधि कारणहरु नै प्रमुख रहेका अध्यनको क्रममा देखिएको छ । जोगी बालबालिकाहरुमा व्याप्त शैक्षिक समस्याहरुको समाधान के कसरी गर्न सकिएला भन्ने प्रश्नमा लक्षित समूह छलफल, अभिभावकहरु, शिक्षक तथा प्र.अ.हरुबाट प्राप्त समष्टिगत धारणा अनुसार समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, कक्षा १२ सम्म निशल्क हुनुपर्ने, कक्षा १० सम्मका महिला, दलित र आपाङ्गहरुलाई अनिवार्य छात्रावृत्तीको व्यवस्था गर्नुपर्ने, विद्यार्थीहरुलाई दिवा खाजा तथा कपडाको व्यवस्था गर्नुपर्ने, विद्यालय नजिकै हुनुपर्ने, विद्यालयको वातावरण मनमोहक हुनुपर्ने, विद्यार्थीहरुको त्रैमाशिक प्रगती विबरण अभिभावकहरुलाई उपलब्ध गराउने, समुदायलाई अझै सशक्त बनाउने, सबैलाई समान व्यवहार गर्ने जस्ता धारणहरु पाइएका छन् । जोगी समुदायमा परम्परागत पेशा र दृष्टिकोण, संस्कार र परम्परा, शिक्षाप्रती चेतनाको कमि भए तापनि प्रा.वि. तहमा शैक्षिक सहभागीता र स्तर राम्रै भए तापनि मा.वि. तहमा भने निकै न्यून देखिएको छ । त्यसकारण जोगी समूदायमा शिक्षा सम्बन्धी सकरात्मक चेतनाको विकास गर्नु आवश्यक देखिन्छ ।

# विषयसूची


| | पेज नं. |
|---|---|
| **सिफारिस पत्र** | **i** |
| **स्वीकृति पत्र** | **ii** |
| **कृतज्ञता ज्ञापन** | **iii** |
| **शोधसार** | **iv** |
| **विषयसूची** | **vi** |
| **तालिकासूची** | **x** |
| **परिच्छेद एक : परिचय** | **१–६** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको औचित्य | ५ |
| १.५ अध्ययनका परिसिमा | ६ |
| **परिचछेद दुई : पुर्व साहित्यको समिक्षा** | **७–१०** |
| २.१ सैद्धान्तिक खाका | ७ |
| २.२ पुर्व साहित्यको समिक्षा | ७ |
| २.३ अवधारणात्मक ढाँचा | १० |
| **परिच्छेद तीन : अध्ययन विधी** | **११–१६** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | ११ |
| ३.२ तथ्याङ्क संकलनको श्रोत | १२ |
| ३.३ नमूना छनौट प्रक्रिया | १२ |
| ३.४ तथ्याङ्क संकलनका साधनहरु | १३ |
| ३.४.१ लक्षित समूह छलफल निर्देशिका | १३ |
| ३.४.२ प्र.अ.को लागि अन्तवार्ता प्रश्नावली | १४ |
| ३.४.३ शिक्षकको लागि अन्तवार्ता निर्देशिका | १४ |
| ३.४.४ घरधुरी सर्वेक्षण फारम | १४ |

३.४.५ कक्षा अवलोकन फारम १४

३.५ तथ्याङ्क/सूचना संकलन विधी १४

३.६ सूचनाको विश्लेषण तथा व्याख्या १५

३.७ साधनको वैद्यता १५

३.८ नैतिकताको मापदण्ड १६

**परिच्छेद चार : सूचनाको बिश्लेषण तथा व्याख्या १७–४८**

४.१ अध्ययन क्षेत्रको जनसांख्यिक स्थिती १८

४.१.१ उमेर तथा लिङ्गको आधारमा नमूना क्षेत्रको जनसंख्या १८

४.१.२ नमूना घरपरिवारको आकार १९

४.२ आर्थीक सामाजिक अवस्था २०

४.२.१ जोगी जातीको आम्दामीको श्रोतहरु २०

४.२.२ भू-स्वामित्व २१

४.२.३ बार्षिक आय विबरण २२

४.२.४ पशुधन विवरण २२

४.३ शैक्षिक सहभागिता २३

४.३.१ साक्षरताको स्थिती २३

४.३.२ विद्यालय जाने उमेर समूहका जोगी बालबालिकाहरुको विबरण २४

४.३.३ शै.स. २०६३-२०६७ मा प्राथमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको विबरण २५

४.३.४ शै.स.२०६५-२०६७ सम्ममा मा.वि.तहमा भर्ना भएका जोगी बालबालिकाहरुको विबरण २६

४.३.५ प्राथमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको उमेरगत विबरण २७

४.३.६ माध्यमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको उमेरगत विबरण २८

४.३.७ जोगी बालबालिकाहरुको विद्यालय भर्नादर २८

क) कुल भर्नादर २९

ख) खुद भर्नादर २९

४.४ शैक्षिक स्तर २९

४.४.१ प्राथमिक तहमा शै.स. २०६३-२०६७ सम्मको जोगी बालबालिकाहरुको उत्तिर्ण विबरण २९

४.४.२ प्रा.वि.तहमा शै.स.२०६३-२०६७ सम्मको जोगी बालबालिकाहरुको अनुत्तिर्ण विबरण ३०

४.४.३ प्रा.वि. तहमा विचैमा कक्षा छाड्ने सम्बन्धी विवरण ३१

४.४.४ प्रा.वि. तहमा कक्षा दोहोर्‍याउने सम्बन्धी विवरण ३३

४.४.५ जोगी बालबालिकाहरुको मा.वि. तहमा शै.स. २०६५-२०६७ सम्मको उत्तिर्ण विबरण ३५
४.४.६ जोगी जातीका बालबालिकाहरुको मा.वि. तहमा अनुत्तिर्ण सम्बन्धी विबरण ३६
४.४.७ मा.वि. तहमा कक्षा छाड्ने विद्यार्थीहरु सम्बन्धी विबरण ३७
४.४.८ मा.वि.तहमा कक्षा दोहोर्याउने सम्बन्धी विबरण ३८
४.४.९ प्रा.वि. तहमा उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विबरण ३९
४.४.१० मा.वि. तहमा उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विबरण ४१
४.५ कक्षा अवलोकनबाट प्राप्त विद्यार्थी व्यवहारको विश्लेषण ४१
४.६ जोगी बालबालिकाहरुले कक्षा छोड्ने, अनियमित हुने तथा दोहोर्याउने कारणहरु ४२
क) घरायसी समस्या ४२
ख) गोठालो जानु पर्ने ४३
ग)अभिभावकहरुले समय नदिनु ४३
घ) पढाईमा ध्यान नदिनु ४३
१) अभिभावकको आधारमा ४४
२) विद्यार्थीहरुको आधारमा ४४
३) विद्यालयका प्र.अ. तथा अन्य शिक्षकहरुको आधारमा ४८
४) अनुसन्धानकर्ताको आधारमा ४६
४.७ शैक्षिक समस्या समाधनका उपायहरु ४७

**परिच्छेद पाँच : सारांश, निष्कर्ष र सुझाव ४९-५७**

५.१ सारांश ४९
५.२ निष्कर्ष ५३
५.३ सुझावहरु ५६
**सन्दर्भसूची**
**परिशिष्टहरु**
परिशिष्ट १ : घरधुरी सर्वेक्षण फारम
परिशिष्ट २ : शिक्षकहरुका लागी अन्तरवार्ता निर्देशिका
परिशिष्ट ३ : लक्षित समूह छलफल निर्देशिका
परिशिष्ट ४ : प्र.अ.को निमित्त अन्तरवार्ता प्रश्नावली
परिशिष्ट ५ : कक्षा अवलोकन फारम
परिशिष्ट ६ : लक्षित समूहमा परेका विद्यार्थीहरुको नामावली
परिशिष्ट ७ : नमूनामा परेका प्र.अ. तथा शिक्षकहरु

## तालिकासूची

**पेज नं**


| | |
|---|---|
| तालिका नं. १ अध्ययन क्षेत्रको कुल जनसंख्याको उमेरगत स्थिती | १७ |
| तालिका नं. २ नमूना घरधुरीको उमेर र लिङ्गको आधारमा जनसंख्या | १९ |
| तालिका नं. ३ नमूना छनोटमा परेका घर परिवारहरुको आकार | २० |
| तालिका नं. ४ जोगी जातीको आम्दामीको श्रोतहरु (घरधुरी संख्यामा) | २० |
| तालिका नं ५ नमूना घरधुरीको भू-स्वामित्वको आकार | २१ |
| तालिका नं ६ जोगी जातीको बार्षिक आय विबरण | २२ |
| तालिका नं ७ जोगी जातीको पशुधन विबरण | २३ |
| तालिका नं ८ जोगी जातीको साक्षरताको स्थिती | २४ |
| तालिका नं ९ विद्यालय जाने उमेर समूहका जोगी बालबालिकाहरुको विबरण | २५ |
| तालिका नं १० प्रा. वि. तहमा जोगी बालबालिकाहरुको भर्ना विबरण | २५ |
| तालिका नं ११ माध्यमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको विबरण | २६ |
| तालिका नं १२ प्राथमिक तहका जोगी बालबालिकाहरुको उमेरगत विबरण | २७ |
| तालिका नं १३ माध्यमिक तहमा भर्ना भएका जोगी बालबालिकाहरुको उमेरगत विबरण | २८ |
| तालिका नं १४ प्राथमिक तहमा जोगी बालबालिकाहरुको उत्तिर्ण विबरण | ३० |
| तालिका नं १५ मा.वि.तहमा अनुतिर्ण सम्बन्धी बिवरण | ३१ |
| तालिका नं १६ प्रा.वि. तहमा विचैमा कक्षा छाड्ने सम्बन्धी विवरण | ३२ |
| तालिका नं १७ प्रा.वि. तहमा कक्षा दोहोर्‍याउने सम्बन्धी विवरण | ३४ |
| तालिका न १८ माध्यमिक तहमा जोगी बालबालिकाहरुको उत्तिर्ण विबरण | ३६ |
| तालिका नं १९ मा.वि.तहमा अनुतिर्ण सम्बन्धी बिवरण | ३७ |
| तालिका नं २० मा.वि. तहमा कक्षा छाड्ने सम्बन्धी विबरण | ३८ |
| तालिका नं २१ मा.वि.तहमा कक्षा दोहोर्‍याउने सम्बन्धी विबरण | ३९ |
| तालिका नं २२ प्रा.वि. तहमा उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विबरण | ४० |
| तालिका नं २३ मा.वि. तहमा उच्च स्थान ओगट्ने विद्यार्थीहरुको विबरण | ४१ |
| तालिका नं २४ कक्षामा अनियमित हुने, कक्षा छाड्ने तथा दोहोर्‍याउने कारणहरु | ४४ |
| तालिका नं २५ कक्षामा अनियमित हुने, विद्यालय छाड्ने तथा कक्षा दोहोर्‍याने कारणहरु | ४५ |
| तालिका नं २६ जोगी बालबालिकाहरु कक्षामा अनियमित हुने, कक्षा छाड्ने तथा दोहोर्‍याउने कारणहरु | ४६ |